# बजेट, नीति तथा कार्यक्रम

आर्थिक वर्ष : २०८०।०८१

मिति : २०८०।०३।१६

प्रस्तुतकर्ता : बिशेश्वर प्र. यादव

(अध्यक्ष)

सोनमा गाउँपालिका

# सोनमा गाउँपालिकाको आ.व. २०८०/०८१को
# नीति, कार्यक्रम तथा बजेट

सभामा प्रस्तुत मिति:– २०८०/०३/१६

आदरणीयसम्पूर्ण अतिथि ज्युहरु,
प्रमुख प्रशासकिय अधिकृत ज्यु, वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु, सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरू, पत्रकार एवं संचारकर्मि ज्युहरु, राष्टसेवक कर्मचारी लगायत उपस्थित सम्पुर्ण महानुभावहरु ।

यस पवित्र एंव धार्मिक स्थलको रुपमा परिचित सोनमा गाउँपालिकाको आ.व. २०८०/८१ को ऐतीहासिक एंव गरिमामय सातौगाउँसभामा यहाँ हरुको सौहार्दपुर्ण एंव गरिमामय उपस्थितीको लागि सर्व प्रथम धन्यवाद दिन चाहन्छु । यस गाउँपालिकाको कार्यपालिकाले अनुमोदन गरेको आ.व. २०८०/८१ को निति, कार्यक्रम तथा वजेट यस सातौ गाउँ सभामा प्रस्तुत गर्न म अध्यक्ष यहाँ हरु माभ्क उपस्थित भएको छु ।

यो ऐतीहासिक क्षणमा जनआन्दोलन, जनयुद्ध,मधेश आन्दोलन लगायतका संघर्षमा आफ्नो जिवनउत्सर्ग गर्नुभएका सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

आ.व. २०८०/८१को वजेट तजुर्मा गर्दा नेपालको संविधान द्धारा संवैधानिक रुपमा स्थानीय सरकारलाई प्रदान गरिएको अधिकारहरु, स्थानीय सरकार सञ्चालन ऐन, १५ औं आवधिक योजना, सोनमा गाउँपालिकाको आवधिक योजना, शिक्षा गुरुयोजना, कृषि गुरुयोजना, पर्यटन गुरुयोजना लगायतका अन्य योजनाहरु, दिगो विकासका लक्ष्यहरु, संघिय सरकारको वजेट वक्तव्य, प्रदेश सरकार बजेट वक्तव्य, अधिल्ला सभाका निर्णयहरु, आम नागरिकका प्राथमिकता र सुझावहरु, राजनितिक दल र नागरिक सामाजका रचनात्मक सुझावहरु, समवद्ध ऐन, नियम तथा नीतिहरु साथै स्थानीय तह संस्थागत क्षमता स्व मुलयाकनका आधारहरुलाई अगामी आर्थिक वर्षको नीति, वजेट तथा कार्यक्रम तर्जुमाको मुख्य मागदर्शनको रुपमा लिएको छु ।

सम्मुनत, समृद्ध, सभ्य सोनमा गाउँपालिका निर्माणका लागि यहाँ रहेको उर्वर कृषि भुमि तथा तुल्नात्मक लाभका रुपमा रहेको जनसाख्कि लाभाशंलाई सदुपयोग गरी सिप विकास मार्फत उधम शिलता विकास, लगानी अभिबृद्धि र सेवा व्यवसाय प्रवधनको माध्ययमवाट उच्च आर्थिक वृद्धि हासिल गर्न, गरिवि न्यूनीकरणमा सहयोग पुप्याउन, नागरिकको आय स्तर अभिबृद्धि गर्न, गुणस्तरीय जिवनयापनमा सहयोग गर्न तथा नागरिक र गाउँपालिका क्षेत्रको समग्र विकास र समृद्धिको लक्ष्य हासिल गर्न यस बजेट, निति तथा कार्यक्रमले सहयोग गर्ने विश्वास लिएको छु ।

आदरनिय सभा सदस्य ज्यूहरू
अब म सोनमा गाउँपालिकाको अगामी आ.व. २०८०/८१ को वजेटको उद्देश्य प्रस्तुत गर्दछु ।
सम्मुनत, समृद्ध, सभ्य सोनमा गाउँपालिकाको निर्माण मुल उद्देश्यको रुपमा लिइएको छ ।

**मुख्य उदेश्यहरु :–**

१. कृषि क्षेत्रमा प्रभावकारी आन्तरिक र बाह्य लगानी आकर्षित एवम् परिचालन गरी गाउँपालिकाको एकीकृत कृषि विकासमा जोड दिइनेछ ।

२. यस गाउँपालिका क्षेत्रभित्र कुनै पनि समुदायमा कुनै पनि बालबालिका विद्यालयको पहुँचबाट टाढा हुने छैनन् र भरपर्दो तथ्य एवं तथ्याङ्को आधारमा सामुदायिक विद्यालयहरुको आधुनीकिकरण, प्रविधिमैत्री अनुगमन तथा प्रविधिमैत्री गुस्तरयि शिक्षाको सुनिश्चितताका साथै प्रत्येक बालबालिकालाई अनिवार्य रहेको आधारभूत तहको शिक्षा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३. ऐतीहासिक पौराणिक र धार्मिक महत्व बोकेको यस सोनमा गाउँपालिका क्षेत्रको पर्यटनको विकासमार्फत स्थानीय बासिन्दाहरूको रोजगारी र आय आर्जनमा वृद्धि गरी उनीहरूको वातावरणीय, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक पक्षहरूको सन्तुलित र दिगो विकास गर्ने साथै विविध पर्यटकीय गतिवधिहरू वृद्धि गरी सोनमा गाउँपालिकालाई पर्यटनको अध्ययन अनुसन्धान तथा घुमफिरको लागि नमूना गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

४. वैज्ञानिक भू-उपयोग योजनाको माध्यमबाट दिगो वातावरणीय र आर्थिक समृद्धि हासिल गर्न व्यवस्थित भू-उपयोग योजनाको कार्यान्वयन मार्फत उपलब्ध स्रोतहरूको सन्तुलित प्रयोग, दिगो विपद व्यवस्थापन गरि दिगो विकास र सामाजिक-आर्थिक समृद्धि हासिल हुनेछ ।

५. यस गाउँपालिकाको प्रशासनलाई चुस्त, सेवामूखि र जबाफदेही बनाउन प्रस्ताबित संगठन संरचना कार्यान्वयनमा ल्याई समग्र सेवा प्रवाहलाई व्यवस्थीत एंव मर्यादित, जनतामुखि, छिटो छरितो सेवा प्रवाहको व्यवस्थागरिनेछ ।

६. महिला, किशोरी, वालवालिका, आपाङ्ग, दलित, जनजाती लगायतका पिछडावर्ग, सिमान्तकृत वर्गहरुको समग्र उत्थान तथा विकासका लागि सोनमा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन तथा सशक्तिकरण, सिप विकास तथा जनचेतना अभिबृद्धि, उधमशिलता विकास तथा गरिबि निवारणका विविध गतिविधिहरुको माध्ययमवाट सर्वाङ्गीण विकासको अवधारणा व्यवहारमा लागु गरिनेछ ।

७. जनताको उत्पादनलाई सडक पुर्वाधार विकासको माध्ययमवाट वजार सँग जोडने, नदि नियन्त्रण, पुल पुलेसा निर्माण, कृषि तथा पर्यटकिय पुर्वाधार निर्माण, सामाजिक–साँस्कृतिक भौतिक संरचना निर्माण, स्वास्थ्य संरचना निर्माण लगायतका दिगो भौतिक पुर्वाधार निर्माण गरि जनताको जनजिवनमा सहजता ल्याउने, रोजगारीको अवसर सिजर्ना गर्ने तथा व्यवस्थीत सहरी विकासमा जोड दिइनेछ ।

८. आधारभूत स्वास्थ्य, सरसफाई, प्रदुषण नियन्त्रण, प्रजनन्स्वास्थ्य, परिवार नियोजन, मातृशिशु कल्याण, गुणस्तरीय खाद्यान्न र आधारभूत पोषण, रक्तसञ्चार सेवा, सरकारी फार्मेसी तथा औषधी पसलको स्थापना,समावेशी र प्रभावकारी प्रविधि मैत्री र पहूँच योग्यस्वास्थ्य सेवा, जनता र अन्तर्गतका संस्थाहरुका लागि स्वच्छ पिउने पानीको प्रवन्ध, स्वास्थ्य संस्थाहरुको प्रविधिमैत्री अनुगमन तथा नियन्त्रण गरी घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता गरिनेछ ।

आदरणिय सभा सदस्य ज्यूहरू
अब म आगामी आ.व. २०८०/८१का प्राथमिकताहरू राख्न चाहान्छु ।

- शिक्षा गुरुयोजनाको कार्यान्वयन तथा शिक्षा क्षेत्रको समग्र विकासकानिम्ती समुदायिक विद्यालयहरुको आधुनिकिकरण, प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षाको लागि बातावरण तयार गरिने छ ।
- कृषि गुरुयोजनाको कार्यान्वयनको माध्ययमबाट कृषिको आधुनिकीकरण र व्यवसायिककरण गर्ने
- लैगिंक सामानता तथासामाजिकसामावेशीकरणको नीति अनुरुप साकारात्मक विभेद, सामाजिक न्याय र समतामुलक समाज निर्माणमा जोड ।
- सभ्य समाज र विधिमा सञ्चालन हुने संगठन निर्माण ।
- स्वास्थ्य रणनीति अनुरुप स्वास्थ्य संस्थाहरुको आधुनीकिकरण, प्रविधिमैत्री विकास र गुणस्तरीय स्वास्थ्य सेवा ।
- विपद व्यवस्थापन र संक्रामक रोग नियन्त्रन ।
- दिगो तथा बहुउपयोगि भौतिक पुर्वाधार निर्माण ।

**आदरणिय सभा सदस्य ज्यूहरू**

**अव म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्ष २०७९/८० को संक्षिप्त प्रगती एंव समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**<u>आर्थिक वर्ष २०७९/८०को विभिन्न क्षेत्रको यथार्थ अवस्था र प्रगती</u>**

१. पुर्वाधार आयोजना व्यवस्थापन :– चालु आ.व.मा पुर्वाधार तर्फ विभिन्न कार्यहरु भएको अवस्था छ । सम्पुर्ण वडाहरुमा पि.सि.सि ढलान, ग्राभेल, विभिन्न सडकहरु मर्मत, विद्यालय मठ मन्दिर तथा मदर्शाहरुमा आधुनिक पुर्वाधारहरुको निर्माण भइरहेको, खानेपानीको लागि इनार निर्माण र हातेकल जडान भइरहेको, कृषकहरुको सिचाइका लागि डिपवोरिङ्ग जडान भई संचालन भइरहेको तथा विकास निर्माणको अन्य विभिन्न कार्यहरु दुत गतिमा भइरहेको छ ।

**२. राजश्व व्यवस्था[illegible]** गाउँपालिकाको सम्पुर्ण वडाहरुमा राजश्व व्यवस्थापनका लागि अनलाइन प्रनाली जडान गर्ने [illegible] छ ।

**३. सार्वजनिक सेवा व्यवस्थापन :–**

गाउँपालिकाको सार्वजनिक सेवा व्यवस्थापनका लागि विभिन्न कार्यहरु भएको छ । वडा कार्यालयलाई व्यवस्थित गरिएको छ । सबै वडामा घटना दर्ताका सम्पुर्ण कार्यहरु नेपाल सरकारको अनलाईन प्रणालीबाट भैरहेको छ । वडामा आवश्यक विभिन्न प्रकारका सिफारिसहरु समेत अधिकाशं अनलाइन प्रणालीबाट हुने गरि शुरुवात गरिएको छ ।

**४. समाजिक तथा आर्थिक :**

गाउँपालिकाको समाजिक उत्थानका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन भैरहेको छ । लागु औषद दुरव्यसनि, मानब बेचबिखिन, साइबर अपराध, सरसफाई, बातावरण, फोहरमैला व्यवस्थापन, लैगिक हिसां, दाइजो प्रथा, बालबिवाह, अपागं सशक्तिकरण लगायतका अन्य विभिन्न विषय तथा मुदाहरुमा जनचेतनामुलक कार्यक्रमहरु संचालन भैरहेको, अध्यक्ष संग जनस्वास्थ्य कार्यक्रम तथा जनता उपचार कोष अन्तरगत विभिन्न रोगीहरुलाई आर्थिक सहयाता प्रदान, क्यासर लगायतका

४ किसिमका दिर्घ रोगीहरुलाई आर्थिक सहयाता प्रदान भैरहेको छ, विपिन्न नागरिक उपचारको कोष मार्फत गाउँपालिकाको सिफरिसमा नेपाल सरकारबाट सबै अस्पतालमा १ लाख बराबरको छुट भैरहेको, ,हातिपैला निवारणका लागि नेपाल सरकारको सहकार्यमा अभियान संचालन भएको, त्यसतै गरिब, विपन्न, एकल महिला, दलित जनजाति, सिमान्तकृत वर्गका महिलाहरुलाई सिप विकास मार्फत आयआर्जन तर्फ उन्मुख गर्ने सिप विकास तालिमहरु संचालन भै रहेको छ।
त्यसतै कृषि तथा पशु विकास तर्फका विभिन्न कार्यक्रमहरु संचालनमा रहेको छ । सरसफाई लाई अभियानको रुपमा संचालन गरिएको छ ।कृषकहरुका लागि सिचाई मिटरको बिधुत महशुल गा.पा.को शतप्रतिशत अनुदानमा कार्यक्रम संचालन भैरहेको छ ।

**आदरणीयगाउँ सभा सदस्यज्यूहरु**

सुरुमाम विभिन्न विषय क्षेत्र सम्वन्धि यस सोनमागा.पा.को आ.व. २०८०/८१ नीतिहरु सारांशमाप्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## क) आर्थिक विकास सम्वन्धि नीति :-

### १) कृषी विकास सम्बन्धी नीति :–

- यस गााउँपालिकाले तयार गरेको कृषी गुरुयोजनालाई कार्यान्यवनमा ल्याई सम्पुर्ण कृषकहरुको जीवनस्तरमा सकारात्मक प्रभाव पार्न तरिकाले कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानको उत्पादनहरुको व्यवस्थीत भण्डारणको लागि गााउँपालिका तथा संघिय सरकारकाको लगानीमो शित गृह निर्माण गरिनेछ ।
- **खेत खेतमे सिचाई, घर घर मे रोजगारी** नाराका साथ कृषकहरुका उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न बृहत सिचाई प्रणाली निमार्णमा जोड दिइनेछ ।
- नेपाल सरकार तथा नेपाल सरकारका विभिन्न निकायहरु सँग अर्थपुर्ण सहकाय गरी पुर्ण रुपमा कृषी पेशामा संलग्न सिमान्तकृत कृषकहरुलाई प्रत्यक्ष लाभ हुने खालका मागमा आधारित प्रतिफल मुखि विभिन्न खालका योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रदेश सरकार सँगको सहकार्यमा कृषि क्षेत्रको आधुनिकीकरण र रुपान्तरण मार्फत कृषिमा आश्रित नागरिकहरूको जीवनस्तर उकास्न कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल सरकार द्वारा सञ्चालित पकेट क्षेत्र कार्यक्रमलाई प्राथमिकतामा राखि गापाको लगानी समेत गरि बृहत रुपमा कभरेज एरिया बढाउने नीति लिइने छ ।
- किसानहरुलाई सिचाई गर्नको लागि वडा नं. १ देखि ८ सम्म कृषि विधुतिकरण गर्नको लागि विधुत प्राधिकरणको कार्यालय सँग समन्वय ,सहकार्य तथा प्रतिवद्धता गरिनेछ ।
- कृषकहरुलाई प्रबिधि हस्तान्तरणमा सहयोग गरि प्रविधिमैत्री कृषि क्षेत्रको विकास गरिनेछ ।
- अन्नदाता/किसानहरुलाई कृषि पेशा.. अधारित व्यवसाय संचालन गर्न आवश्यक सहुलीयतपुर्ण ऋणको लागि लघुवित्त संस्था, सहकारी तथा बाणिज्य बैकहरु संग समन्वय गरि न्युन आय भएका कृषकहरुका लागि जमानी वसी कृषी व्यापार, व्यवसाय प्रवर्धनमा जोड दिइनेछ ।
- कृषि जन्य उत्पादनहरुलाई वजार सम्म पुप्याउनका लागि कृषी वाटो निर्माणमा जोड दिईनेछ ।

- प्राकृतीक प्रकोप एंव विभिन्न कारणवस बाली नालीमा हुने क्षतीबाट कृषकहरुमा पर्ने आर्थिक भार न्यूनीकरणका लागि कृषी बिमामा १० प्रतिसत बराबरको रकम अनुदान स्वरुप उपलब्ध गराईनेछ ।
- यस क्षेत्रमा दलहन खेती गर्ने किसानहरुलाई कार्यविधि मुताविक प्रोत्साहन स्वरुप तोकिए बमोजिमको रकम उपलब्ध गराईनेछ ।
- कार्यविधि मुताविक घटिमा १ विघा (लिजमा लिई) क्षेत्रफलमा फलफुल तथा तरकारी खेती गर्ने कृषकलाई प्रोत्साहन स्वरुप वार्षिक १० हजार उपलब्ध गराईनेछ ।
- कृषकहरुको ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्न तथा आधुनीक कृषी प्रणालीको विकास विस्तार एंव प्रवर्धन गर्न सिप विकास तालिमहरु सञ्चालन गर्ने ।
- कृषी योग्य बाझो जग्गालाई उपयोगमा ल्याउन सामुहिक एंव सहकारी कृषी उत्पादन र बगर खेतीलाई प्रोत्साहन गरीनेछ ।
- साना हाट बजार लाई स्थानीय उत्पादन बिक्री गर्ने थलोको रुपमा विकास गरिनेछ ।
- कृषी क्षेत्रको समग्र विकासको लागि हेफर नेपालको भिटा कार्यक्रम सँग समन्वय एंव साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ ।
- कृषी सहकारीहरुको क्षमता विकास तथा नियमनका लागि विभिन्न गतिविधिहरु संचालन गरिनेछ ।
- कृषी विषय लिएर अध्ययन गर्न चाहने गरिव परिवारका २ जना छात्र छात्राहरुलाई प्रति महिना रु.२ हजार प्रोत्साहन स्वरुप पदान गरिनेछ ।
- गरिब कृषकहरुलाई विभिन्न प्रकारका बालीनालीहरुको बिउ बिजन ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ ।

## २) पशु विकास सम्बन्धी नीति :–

- सबै पशुपालक कृषकहरुलाई पशु विमा गर्न प्रोत्साहन गर्ने उदेश्यले कृषकले तिर्नुपर्ने विमा रकमको २० प्रतिसत रकम गाउँपालिकाले साझेदारी गर्ने छ ।
- कार्यविधि मुताविक उत्कृष्ट भैंसी पालक कृषकलाई प्रोत्साहन स्वरुप वार्षिक १० हजार उपलब्ध गराईनेछ ।
- कार्यविधि मुताविक उत्कृष्ट गाईपालक कृषकलाई प्रोत्साहन स्वरुप वार्षिक १० हजार उपलब्ध गराईनेछ ।
- कार्यविधि मुताविक उत्कृष्ट बाखापालक कृषकलाई प्रोत्साहन स्वरुप वार्षिक १० हजार उपलब्ध गराईनेछ ।
- कार्यविधि मुताविक उत्कृष्ट बंगुरपालक कृषकलाई प्रोत्साहन स्वरुप वार्षिक १० हजार उपलब्ध गराईनेछ ।
- कार्यविधि मुताविक उत्कृष्ट व्यवसायीक पशुपालन गर्ने फर्मलाई वार्षिक प्रोत्साहन स्वरुप २५ हजार उपलब्ध गराईनेछ ।
- व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने उद्योगलाई वार्षिक करमाविशेष छुटदिइनेछ ।

- गोठ सुधार कार्यक्रम संचालन गरिनेछ ।
- कार्यविधि मुताविक पशुपालन गर्ने कृषकलाई ५० प्रतिसत अनुदानमा च्याप कटर उपलब्ध गराईनेछ ।
- पालिका क्षेत्रभित्र व्यवस्थित वधशाला स्थापना गरि स्वच्छ, ताजा माछा, मासु तथा अन्य पशुजन्य पदार्थलाई सर्वसुलभ रुपले विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । साथै मासु जन्य पदार्थमा आत्मनिर्भर वन्न संघ र प्रदेश सँग सहकार्य गरिनेछ ।
- पशुपालक कृषकहरुको पशुपालन फर्मलाई प्रबिधीमैत्री बनाउन प्रबिधी हस्तान्तरण गर्न ५० प्रतिशत साझेदारी गरिनेछ ।
- स साना पशु पालन गर्ने गरिव किसानहरुलाई पशु पालन गर्नको लागी समुह निर्माण गरी तालिमको ब्यबस्था गाउँपालिकाबाट प्रदान गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका पशु पालक कृषकलाई मासु ब्यबसायमा आत्मनिर्भर बनाउनकोलागी यस गाउँपालिकाद्धारा १०० प्रतिशत अनुदानमा उन्नत जातको बोयरबोका खरिद गरी प्रदान गरिनेछ ।
- पशुपंक्षीमा हुने बिभिन्न प्रकारका रोगहरुको रोकथाम नियन्त्रण तथा उपचारका लागी समय समयमा शिबिर संचालन गरिनेछ ।
- पशुको उत्पादन तथा उत्पादक्त्व अभिबृदीका लागी नश्ल सुधार कार्यक्रम ,अनुबंशिक श्रोतहरुको संरक्षण ,नविनतम नश्लहरुको आयात तथा प्रबन्धन गर्न संघिय सरुकार र प्रदेश सरकार संगको समन्वय र सहकार्यमा कृतिम गर्भधान केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

## ३) सहकारी सम्बन्धी नीति :–

- निश्चित संख्या भन्दा बढि संख्यामा स्थानीयलाई रोजगारी प्रदान गर्ने घरेलु उद्योग, सहकारीलाई वार्षिक करमा विशेष छुट दिइनेछ ।
- सहकारीको तथ्यांकलाई अध्यावधी गरिनेछ ।
- सहकारीका आय व्यय र लगानीलाई थप व्यवस्थीत वनाउन व्यवस्थापक तथा लेखा समितिलाई क्षमता विकास गरिनेछ ।
- सहकारीको आर्थिक कारोवार प्रविद्धिमैत्री वनाउने र प्रत्येक महिनाको आर्थिक कारोवारको मासिक प्रतिवेदन सहकारी शाखामा वुझाउने व्यवस्था अनिवार्य गर्ने ।
- सहकारीलाई समेत करको दायरमा ल्याइनेछ ।
- सहकारीहरूको पूँजीलाई कृषि/पशुपंक्षी क्षेत्रको विकासमा लगानी गर्ने वातावरण तयार गरिनेछ ।
- सहकारीको कारोवारलाई थप व्यवस्थित वनाउन प्रभाकारी नियमन र सहयोग गरिनेछ ।

## ४) उद्योग सम्बन्धी नीति :–

- उद्योगहरूको स्थापनमा सहयोग गरिनेछ ।
- ५० प्रतिसत स्थानीयलाई रोजगारी दिने उद्योगले तिर्नु पर्ने वार्षिक व्यवसाय करमा ७० प्रतिसत छुट दिईनेछ ।
- औधोगिक ग्राम निर्माणका लागि सम्भावता अध्ययन गरिनेछ ।

- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा थप उद्यमी सिर्जना गर्न साझेदारीको नीति अवलम्बन गरीनेछ । साथै उद्यमीले लघु उधम स्थापना र संचालन गर्न चाहेमा उधमको प्रकृति हेरी अनुदानको रुपमा बढिमा ९ जनालाई बढिमा रु. ५० हजारका दरले प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।

**५) बैक तथा वित्तिय संस्था :-**

- बैक तथा वित्तिय संस्थालाई करको दायरमा ल्याइनेछ ।
- साना, मझौला प्रकारका उद्यमीहरुलाई सहुलीयत पुर्ण ऋण उपलब्ध गराउन बैंक र वित्तीय संस्था संग सहकार्य गर्ने ।

**६) पर्यटन**

- सोनमा गाउँपालिकामा धार्मिक तथा सस्कृतीक पर्यटन प्रवर्धन एंव विकासका लागि नेपाल सरकार, प्रदेश सरकार सँग समन्व्य गरी पर्यटन प्रवर्धनका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मंगलनाथ र गेउरकिधामको पौराणिक ऐतीहासिक, धार्मिक स्थलको रुपमा परिचित मंगलनाथ र गेउरकिधाम मन्दिरको समग्र विकास एंव व्यवस्थापनका लागि धार्मिक ट्रष्टको रुपमा विकास गरिनेछ ।
- मंगलनाथ मन्दिरको पौराणिक स्वरुप नविगारी नयाँ र आकर्षक स्वरुपको मंगलनाथ मन्दिरको निर्माण कार्य संघिय सरकार, प्रदेश सरकार, प्रर्यटन वोर्ड लगायत सँग साझेदारी गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- मंगलनाथ ,गेउरकि धाम र सोमनाथ मन्दिरको सौन्दर्यकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गा.पा समग्र प्रर्यटन प्रर्वधनका लागि यस क्षेत्रमा रहेका धार्मिक एंव पर्यटन स्थलहरुको विकास, सरसफाई, सौन्दर्यकरण गरि निजि क्षेत्रसंगको साझेदारीमा प्रर्यटन प्याकेजको रुपमा विकास गरिनेछ ।
- दिगो प्रर्यटन उत्पादन, प्रवर्धन र प्रर्यटकिय आय वृद्धिका लागि स्थानीय प्रर्यटन पुर्वाधारमा जोड दिईनेछ ।

**ख) सामाजिक विकास सम्वन्धि नीति :-**

**१) शिक्षा :-**

- सोनमा गा.पा शिक्षा गुरुयोजना कार्यान्वयनका लागि वजेट व्यवस्था गरि विशेष कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

- सामुदायिक विद्यालयहरु मध्ये २ वटा मा.वि.स्तरका विद्यालयहरुमा अंग्रेजी माध्ययमबाट पठन पाठनको सुरुवात गरिनेछ । साथै १ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गर्न विभिन्न अनुदान प्रदान/कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षाको स्तरनोतीको लागि विधालयहरुको दरबन्दिको आधारमा थप शिक्षक भर्ना गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि वस्तु परक मापदण्ड निर्धारण गरी नतिजामा आधारीत कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिका, स्वदेश एंव विदेशमा समेत रोजगारीको अवसर सिर्जना गर्न व्यवसायीक तथा प्राविधिक शिक्षामा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक तथा अन्य पुर्वाधारहरुको क्रमीक विकास गरिदै लगिनेछ । साथै विद्यालय शिक्षामा नविनतम सुचना प्रविधि एंव स्थानीय भाषाहरुको प्रयोगमा जोड दिईनेछ ।
- प्रत्येक विद्यालय/कार्यालयमा क्रमशः CCTV, विद्युतिय हाजिरीको व्यवस्था गरि गा.पा., वडा र उपयुक्त सार्वजनिक स्थलहरुमाCCTVर वित्तीय हाजिरि डिस्प्ले वोर्ड जडान गरि अनुगमनको व्यवस्था गरिनेछ ।
- गुणस्तर शिक्षाको लागि संघिय सरकार र प्रदेश सरकार सँगको समन्वय एंव साझेदारीमा शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षाको गुस्तरीयता अभिवृद्धि गर्न योगदान दिनु भएका शिक्षकहरुको कदर गर्दै वस्तु परख आधारमा प्रत्येक वर्ष २ जना शिक्षकहरुलाई सोनमा गा.पा. शिक्षक सेवा पुरस्कार मार्फत सम्मान गरिनेछ ।
- SEEमा सामुदायिक विद्यालयबाट सवैभन्दा उत्कृष्ट अंक ल्याउने १ जना छात्र र १ जना छात्रा तथा विद्यालयलाई समेत नगद र कदर पत्र सहित पुरस्कृत तथा सम्मान गरिनेछ ।
- दलित, जनजाती एंव मुस्लिम समुदाय बाट SEE पास गर्ने छात्रालाई छात्रावृत्ति प्रदान गरिनेछ ।
- अन्तर माध्यमिक विद्यालय स्तरिय विभिन्न साँस्कृतिक तथा खेलकुद कार्यक्रम मार्फत विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- विद्यालय क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गर्दै विद्यालयलाई पूर्ण सरसफाई युक्त र वातावरण मैत्री स्वरुपमा रुपान्तरण गर्दै लगिनेछ ।
- विद्यालय छोडने दरलाई नयूनिकरण गर्न अभिवावक तथा सरोकारवालहरु संग नियमित रुपमा अन्तक्रिया गरि विषेश कार्यक्रम संचालन गरिनेछ ।
- अगामी आ.व. देखि सोनमा गाउँपालिकाको **वेटी पढाउ, वेटी वचाउ** अभियान विशेष कार्यक्रम सहित संचालन गरिनेछ ।
- वालविकास शिक्षालाई थप व्यवस्थीत गर्न विषेश कार्यक्रम संचालन गरि नियमित अनुगमनमा समेत जोड दिइनेछ ।
- वालविकास सहजकर्ता एंव विद्यालय कर्मचारीहरुलाई संघिय सरकारको निर्णय अनुसारको थप पारिश्रमीक स्वरुप प्रति महिना रु. ७ हजार ( तलव वृद्धि प्रतिसतको आधारमा थप गरि) उपलब्ध गराईनेछ ।

- वालविकास निती, रणनिती, पालिकास्तरीय विद्यालय सुधार योजना तजुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

## २. स्वास्थ्य :-

- १५ सैयाको अस्पताल आ.व. २०८०/८१ शिल्यानास भएकै ठाउमा टेण्डर प्रकृया अगाडी बढाईने छ ।
- संघीय सरकार, प्रदेश सरकारएवं सरोकारवालाहरु संगको समन्वय र साझेदारीमा "पुर्ण ,सुरक्षीत मातृत्व सोनमा" पुर्ण खोप युक्त पालिका " कुपोषणमुक्त पालिका बनाउन प्रतिवद्ध रहने छ ।
- जेष्ट नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपल्ब्ध गराउन प्रत्येक स्वास्थ्य संस्थाहरुबाट निशुल्क स्वास्थ्य जाच गरी सुगर र प्रेसर सम्वन्धी जाच अनिवार्य गरिने छ।
- गा.पा मातहतका स्वास्थ्यचौकी हरुलाई थप व्यवस्थीतगरिनेछ ।
- नेपाली सेना सँगको सहकार्यमा सर्प दंश केन्द्र संचालनमा ल्याईनेछ ।
- विपन्न नागरिकको लागि तोकिएको आठ प्रकारका नसर्ने रोगहरू ( मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाइनल ईन्जूरी, हेड इन्जुरी र सिक्कल सेल एनेमिया) को उपचारमा सहयोग पुऱ्याउन **"जनता उपचार कोष"** मार्फत कार्यविधि बमोजिम सहयोग प्रदान गरिनेछ ।
- **"गा.पा.अध्यक्ष संग जनस्वास्थ्य कार्यक्रम"** जस्ता कार्यक्रम लागु गरि गरिब, असहाय तथा फरक क्षमता भएका व्यक्तिहरूलाई कडा रोगको उपचारमा कार्यविधि मुताविक आर्थिक सहयोग प्रदान गरिनेछ ।
- स्तन क्यान्सर तथा पाठेघर क्यान्सर जस्ता प्राणघातक रोग बारे जनचेतना जगाउन श्रव्य दृष्य सामग्रीमार्फत विद्यालय तथा जनमानसमा अभिमुखिकरण गरिनेछ ।
- गा.पा. क्षेत्रभित्रका स्वास्थ्य संस्थाको क्षमता विस्तार गरिनेछ ।
- सवै महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन उपलब्ध गराईनेछ साथै दिर्धकालिन सेवा गरे वापत सेवा निवृत हुदा जनही रु ३०,०००।०० उपलब्ध गरीनेछ ।
- सोनमा अस्पतालमा रहेको बर्थिङ्ग सेन्टरलाई बर्थिङ्ग हवको रुपमा विकास गर्दै वडा नं. ४ मा ल्याव स्थापना गर्न आवश्यक उपकरण र जनशक्तीको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूमा ई रिपोटिङ्गको व्यवस्था गर्न १/१ थान कम्प्यूटर, प्रिन्टर सहित ईन्टरनेटको व्यवस्था गरिनेछ ।
- जनतालाई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन गा.पा. बाट अत्यावश्य औषधि खरिद गरिनेछ । साथै महामरी रोकथाम गर्नका लागि आवश्यक जनशक्ती र औषधी उपकरणको प्रवन्ध गरिनेछ ।
- जिरो होम डेलीभेरी कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- घुम्ती स्वास्थ्य तथा आँखा शिविर संचालन गरिनेछ ।

- हिंसा पिडित तथा मानसिक बिरामीहरूको लागि गाउँपालिका मनोचिकित्सक परामर्श सेवाको लागि पहल गरिनेछ ।
- गाउँपालिकाका जनतालाई आपतकालिन स्वास्थ्य सेवा उपलब्ध गराउन एम्बुलेन्स खरिद गरिनेछ ।
- बेला बेलामा फैलने बिभिन्न संक्रामक रोगहरू जस्तै डेंगु, स्वाईन फ्लु, मलेरिया, जे.ई.,कोरोना भाईरस लगायत आदिको नियन्त्रणका लागि पुर्व तयारी र सार्वधानीका उपायहरु अपनाईनेछ ।
- सामाजिक सुरक्षा प्रदान गर्दा प्रदान गर्ने स्थानमा नै प्रत्येक जेष्ठ नागरिकको स्वास्थ्य जाँच गरिनेछ ।
- **"अध्यक्ष सँग आरोग्य"** कार्यक्रम अन्तर्गत देहायका कार्यक्रम संचालन गरिनेछ ।

देहाय :–

| सि.न. | आरोग्य सेवा प्रकार | प्रदान गरिने सेवा |
|---|---|---|
| १ | मासिक रुपमा प्रत्येक वडामा MBBS डा. सहतिको चिकित्सक टिम सहित घुम्ती स्वास्थ्य सेवा प्रदान गर्ने । | सबै प्रकारका चिकित्सीय जाँच तथा औषधी वितरण, राय परामर्श तथा रोगको प्रकृति हेरी एम्बुलेन्स सेवा सहित रेफर । |
| २ | ५० वर्ष माथिको नागरीकाको निशुल्क स्वास्थ्य जाँच | ५० वर्ष माथिको नागरिकहरुको रक्तजाँच, पिसाव तथा रगतमा ग्लुकोच जाँच निशुल्क गर्ने प्रवँध मिलाईनेछ । |
| ३ | निशुल्क महिला स्वास्थ्य जाँच सेवा | स्तन क्यान्सर तथा पाठेघर क्यान्सर जस्ता प्राणघातक रोगको वर्षमा ३ पटक निशुल्क जाँचको लागि शिविर संचालन |
| ४ | गर्भवती महिलालाई सहयोग | गाउँक्षेत्र भित्रको स्वास्थ्य संस्था/इकाईमा नियमित जाँच गराउने र स्वास्थ्य इकाईमा डिलिभरी सेवा प्राप्त गर्ने महिला तथा नवजात शिशुको लागि १ सेट न्यानो झोला, वढिमा रु. १५००।० सम्मको लोकल कुखुरा र वढिमा रु. १००० सम्मको गेडागुडी, अण्डा लगायतका समाग्रीको प्याकेज बनाई घर घरमा गई प्रदान गरिने । |
| ५ | नियमित योग सिविर संचालन | प्रत्येक वडामा योग सिविर संचालनका लागि जनशक्ती उत्पादन र नियमित योग अभ्यासको प्रवन्ध गरिनेछ । |
| ६ | योग तथा आरोग्य केन्द्र निर्माण | योग, खेलकुद,आरोग्य केन्द्रको रुपमा वडा न. ३ मा केन्द्रको भवन निर्माण गर्ने र क्रमश: अन्य वडामा समेत विस्तार गर्ने । |
| ७ | आयुर्वेद, प्राकृतिक चिकित्साको प्रवर्धन | जडिवुटि खेतीमा बिउ, मल्ल, जग्गा व्यवस्थापन र प्राविधिक सहयोगका लागि तोकिए वमोजिमको अनुदान प्रदान गर्ने र |

| | | |
|---|---|---|
| | | प्राकृतिक चिकित्सा पद्धतीको प्रचार प्रसार गर्ने । |
| ८ | जिरो होम डिलिभरी कार्यक्रम | वर्थिङ्ग सेन्टरमा डेलिभरी गराउने महिलालाई प्रोत्साहन स्वरुप नेपाल सरकारले उपलब्ध गराउदै आएको रकममा थप रु २,०००।- प्रदान गरिनेछ, र अन्य अस्पतालमा रेफर गर्नुपरेमा जनकपुर र आसपासका लागि रु. १०००।० र विराटनगर, धरान र काठमाण्डौं रेफर गर्नु पर्ने भएमा एम्बुलेन्स खर्च बापत बढिमा रु ५,०००।- सम्मगााउँपालिका बाट प्रदान गरिनेछ । |
| ९ | घुम्ती आयुर्वेद चिकित्सा सेवा | मासिक रुपमा प्रत्येक वडामा आयुर्वेद चिकित्सक टिम सहित घुम्ती स्वास्थ्य सेवा प्रदान गर्ने । |

- स्वास्थ्य संस्थाका जनशक्तीलाई क्षमता वान बनाउन आवश्यक तालीम उपलब्ध गराईनेछ ।
- आरोग्य सेवा केन्द्रका लागि आवश्यक पर्ने औषधी व्यवस्थापन गरिनेछ ।
- गाउँक्षेत्रभित्रका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ई हाजरी तथा सिसिटिभी जडान गरी स्वास्थ्य संस्थाबाट हुने सेवा प्रवाहको वडा र गाउँबाट नियमित अनुगमन को ब्यवस्था मिलाईने छ ।
- सामुदायिक कुकुरहरुको दिगो व्यवस्थापनका लागी कुकुर वन्ध्याकरण कार्यक्रम संचालनमा ल्याईनेछ ।
- गााउँपालिका क्षेत्रभित्र संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानीको उचित ब्यबस्था गरिनेछ ।

**३.युवा तथा खेलकुद :-**

- यस गाउँक्षेत्रका खेलकुद संग सम्बन्धीत संस्था एंव क्लवहरुको क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- गाउँक्षेत्र भरीको युवाहरुको क्षमता र योग्यताको पहिचान गरि युवा शक्तीको समुचित सदुपयोगका लागि सोनमा युवा निति तर्जुमा गरी युवाहरुको समग्र विकासका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- सामाजमा अनुसाशन कायम गर्न, शारिरिक तथा मानसीक स्वास्थ्यमा साकारात्मक परिवर्तन ल्याउन नाशा मुक्ती अभियानका लागि युवा परामर्श/मनोपरामर्श केन्द्र स्थापना गरि विविध कार्यक्रम संचालन गरिनेछ ।
- यस गााउँपालिकाका वेरोजगार युवाहरुलाई नविन उधम मार्फत स्वरोजगार प्रदान गर्न सिप, श्रोत र साधन उपलब्ध गराई युवा स्वरोजगार अभियान संचालन गरिनेछ ।
- बार्षिक रुपमा स्थानिय युवा मात्र सहभागी हुन पाउने गरि अध्यक्ष कप भलिवल/फुटवल/क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ । राष्ट्रिय/अन्तराष्ट्रिय जगतमा ख्याती कमाएका स्थानीय खेलाडी लाई सम्मान र प्रोत्साहन गरिनेछ ।

- गाउँस्तरीय फुटवल/क्रिकेट/भलिवलको टिम तयार गरिनेछ ।
- सोनमागाउँपालिका क्षेत्र भित्र रहेका खेल मैदानहरुलाई स्तरन्नोती गरिनेछ ।
- प्रत्येक सामुदायिक र संस्थागत विद्यालयहरुमा बालक्लब, युवाक्लबहरु गठन, सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

**४. खानेपानी, सरसफाई तथा स्वच्छता :-**

- खानेपानी बाट बन्चित सम्पुर्ण घर परिवारलाई पहुँच अभिवृद्धि गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- **"स्वच्छ पानिमा सबैको पहुँच** "भन्ने नारालाई सहित यस गाउँपालिका क्षेत्रका खानेपानीका श्रोतहरूको संरक्षण, सम्वर्धन र गुणस्तर परिक्षण गरि स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।
- यस गाउँक्षेत्र भित्रका सम्पुर्ण सार्वजनिक, धार्मिक र पर्यटक स्थलहरुमा पुर्ण सरसफाई कार्यक्रम लागु गरि सरसफाई कर्मचारी एंव साधनको उचित व्यवस्थापन गरिनेछ ।
- वातावरण तथा सरसफाई कार्यविधि कार्यान्वनमा ल्याईनेछ ।
- प्रत्येक विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि तजुर्मा गरी कार्यान्वनमा ल्याईने छ ।
- टोल विकास संस्था गठनमा विशेष जोड दिई टोल टोल पुर्ण सरसफाई कार्यलाई समुदायमा आधारित सरसफाई अभियानलाई दिगो स्वरुप दिईनेछ ।
- गाउँवाट निर्माण भएका र निर्माण हुने इनार, डिपवोरिङ्ग र ह्याण्डपम्पहरुको लगत अध्यावधी गरी उचित मर्मत सम्भारको लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- वातावरणीय सरसफाई एंव स्वच्छता प्रवर्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम संचालन गरी जनचेतना अभिवृद्धि, सार्वजनिक शौचालय निर्माण, सार्वजनिक स्थलहरुको सरसफाई एंव मर्मत सम्भार गरिनेछ ।
- अनिवार्य सरसफाई कार्ड लागु गरी सोनमा पुर्ण सरसफाई अभियान अन्तर्गत घर घर टोल टोल वाटो घाटो व्यवस्थीत सरसफाई गर्ने घर परिवारलाई सरसफाई कार्डउपलब्ध गराईनेछ । सरसफाई कार्डको आधारमा गाउँपालिकावाट उपलब्ध हुने नियमीत सबै प्रकारका सेवा सुविधा प्रदान गरिनेछ । साथै कार्ड नभएका घर परिवारलाई नियमीत सबै प्रकारका सेवा सुविधामा रोक लगाईनेछ ।

**५. महिला सशक्तिकरण :-**

- महिला सशक्तीकरण कार्यक्रम मार्फत महिलाहरुको ज्ञान सिप, क्षमता अभिबृद्धिमा विशेष जोड दिईनेछ ।
- महलिाहरुको दिगो समाजिक, न्यायिक, सिप विकास तथा अन्य सहयोग तथा महिला सशक्तिकरण र क्षमता अभिवृधिका लागि देहाय अनुसार **"उपाध्यक्ष संग महिला"** कार्यक्रम संचालन गरीनेछ ।

देहाय :–

| सि.न. | कार्यक्रमका क्षेत्रहरु | गरिने क्रियाकलापहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | नेतृत्व विकास | संगठित गर्ने, संजालीकरण गर्ने, नेतृत्व र नेतृत्व विकासको कार्यक्रम संचालन गर्ने । |
| २ | सिप विकास | बिभिन्न सिप विकास र सिप स्तरोन्तीका बिभिन्न कार्यक्रमहरु । |
| ३ | प्रवृधि हस्तान्तरण | स्थानीय लघु उद्यमी महिलाहरुको लागि सहयोगि औजार एंव उपकरण र प्रविधि हस्तान्तरण/उपलब्ध गराउने । |
| ४ | रोजगारीको अवसर सिर्जना | लोक सेवा, शिक्षक सेवा, स्वास्थ्य सेवा लगायतका सार्वजनिक एंव अन्य सेवामा पहुंचका लागि सहजीकरण कक्षा संचालन एवं समाग्री वितरण । |
| ५ | घरेलु हिंसा नियन्त्रण | घरेलु हिंसा नियन्त्रनका लागि जनचेतना अभिबृद्धि, कानुन कार्यान्वयनको वातावरण निर्माण गर्ने र परामर्श सेवा प्रदान गर्ने । |
| ६ | उपभोक्ता समितिमा महिला | सत प्रतिसत उपभोक्ता समितिमा महिला भएमा वार्षिक रुपमा सम्मान गर्ने । |
| ७ | प्राविधिक शिक्षामा छोरीहरुको पहुँच, प्रर्वधन | गरिव तथा विपन्न नागरिकका छोरीहरूले प्रविधिक शिक्षा अध्ययन गर्न चाहेमा वार्षिक रुपमा १६ जनालाई (वडा बाट २ जनाका दरले) रु १०,०००।- का दरले छात्रबृद्धि प्रदान गरिनेछ। यसको छनौट कार्यविधि बमोजिम हुनेछ । |
| ८ | दाईजो रहित विवाह प्रवर्धन | सामुहिक दाईजो रहित विवाहका लागि उपाध्यक्षको अभिभावत्वमा विषेश सामुहिक विवाह सामारोहको आयोजना गरिनेछ । |

- सोनमा गाउँपालिकामा लैङ्गीक, सामाजिक सामानताका लागि विविध कार्यक्रम संचालन गरिनेछ । साथै लेङ्गीक सामाजिक सामावेशीकरण निति, दाईजो प्रथा उन्मुलन निति र वालविवाह विरुद्धको निति तथा रणनिति हरु कार्यान्वयनमा ल्याईनेछ ।
- विकास व्यवस्थापनका हरेक क्रियाकलापमा महिलाको सार्थक सहभागीता गराइनेछ ।
- वडा बाट उपभोक्ता समिति मार्फत हुने कार्यमा कम्तीमा कुनै १ वटा उपभोक्ता समिति महिलाको मात्र बनाई कार्य गरिनेछ ।
- महिला माथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ ।
- वालवालिका, महिला हिंसा, बलात्कार, यौन शोषण, वाल विवाह, मानव वेचविखन तथा ओसार पसार आदीलाई सचेतना, सहकार्य, नियमन, अनुगमन र नियन्त्रणका माध्यमबाट निर्मुल गर्न पहल गरिनेछ ।

## ६. वालबालिका सम्बन्धी नीति :-

- वालअधिकारको पुर्ण प्रत्याभुतिका लागि विशेष नियमन तथा निति रणनितिहरुमा जोड दिईनेछ ।
- जन्मदर्ता गर्दा खोप कार्ड अनिवार्य गरिनेछ, भने विद्यालय भर्ना तथा वडा बाट सिफारिस लिदा पूर्णखोप कार्ड अनिवार्य गरिनेछ ।

- विद्यालय भर्ना गर्ने उमेर पुगेका विद्यार्थिको भर्ना गर्ने, टिकाउने र सिकाउने कामलाई योजना बद्ध ढङ्गले अगाडी बढाईनेछ ।
- पालिका स्तरिय वाल सञ्जालको विकास गरिनेछ ।
- पालिकाका गतिविधिमा वाल सञ्जालको सार्थक सहभागीता गराइनेछ ।
- वाल मैत्री स्थानीय शासनलाई आत्मासाथ गर्न यस पालिकाको मुल उद्देश्य हुनेछ ।
- ३५ दिन भित्रै वालवालिकाको जन्मदर्ता गर्ने व्यक्तिलाई विषेश प्रोत्साहन प्रदान गरिनेछ ।
- वाल संसदको अभ्यास गराईनेछ ।
- वार्षिक रुपमा हाजिरी जवाफप्रतियोगिता संचालन गरिनेछ ।
- वालगायन प्रतियोगिता संचालन गरिनेछ ।
- सबै प्रकारका वाल प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रमका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

**७) जेष्ठ नागरिक सम्वन्धि :-**

- प्रत्येक वडामा भएका सामुदायिक भवन मध्ये अधिकांश सामुदायिक भवनलाई जेष्ठ नागरिक **आरोग्य चौतारी**को रुपमा विकास गरिनेछ ।
- **आरोग्य चौतारी**मा मासिक रुपमा स्वास्थ्य जाँचको प्रवन्ध गरिनेछ ।
- **आरोग्य चौतारीमा** जेष्ठ नागरीकहरुको मनोरंजनको लागि धार्मिक पुस्तक,समाग्री सुरक्षाको लागि वाकस लगायतका समाग्रीहरु उपलब्ध गराईनेछ ।
- ज्येष्ठ नागरिकको सिप, अनुभव, ज्ञान लाई पुँजीको रुपमा ग्रहण गरिनेछ ।
- जेष्ठ नागरीकहरूलाई धार्मिक दर्शन/ तिर्थाटन तथा धार्मिक भ्रमणको लागि वजेटको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिक लगायत सवैलाई प्रदान गरिने जुनसुकै रकम/अनुदान बैंक खाता मार्फत गरिनेछ ।
- जेष्ठ नागरिक परिचय पत्र वडा बाट वितरणको व्यवस्था गरिनेछ ।
- कानुन बमोजिम जेष्ठ नागरिकलाई प्रदान हुने सेवा उपलब्ध गराउन सम्वन्धित पक्ष सँग सहकार्य गरिनेछ ।
- जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता समयमै त्रैमासिक रुपमा प्रदान गरिनेछ ।

**८) आदिवासी जनजाति सम्वन्धि नीति :–**

- आदिवासी जनजातिको परमपरागत ज्ञान सिप र क्षमतालाई आधुनिक परिवेश सापेक्ष वनाई गाउँको विकासमा लगाइनेछ ।
- लोपउन्मुख, सिमान्तकृत र विपन्न आदिवासी जनजातिको लागि विशेष कार्यक्रम लागु गरिनेछ ।
- विकास व्यवस्थापनका हरेक क्षेत्रमा आदिवासी जनजाति लाई मुलप्रवाहिकरण गरिनेछ ।
- परम्परा देखि चलिआएको धर्म रितिरीवाजको संरक्षण गरिनेछ ।
- विपन्न आदिवासी जनजातिलाई संविधानले प्रदान गरेको मौलिक हक प्रत्याभूत गर्न गराउन संघ तथा प्रदेश सरकार सँग समन्वय गरि कार्यक्रम तर्जुमा गरिनेछ ।

## ९) अपाङ्ग सम्बन्धि नीति :-

- शारीरीक रुपमा आपाङ्ग भएका नागरीकहरुका लागि कार्यविधिले तोके बमोजिम ट्राई साईकल वितरण गरिनेछ ।
- प्रत्येक महिना अपाङ्ग परिचयपत्र वितरण गरिनेछ ।
- अपाङ्गगहरूलाई रोजगारी एवम स्वरोजगारीमा प्राथमीकता प्रदान गरिनेछ ।
- पालिका बाट गरिने सवै प्रकारका सिफारिस नि:शुल्क प्रदान गरिनेछ ।
- अपाङ्गगहरूलाई विकासमा मूल प्रवाहिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्ग नागरिकले सञ्चालन गर्ने जुनसुकै व्यवसायको दर्ता/नविकरणमा ५० प्रतिशत छुट उपलब्ध गराइनेछ ।

## १०) यौनिक तथा लैगिंक अल्पसंख्यक सम्वन्धि नीति :-

- अल्पसंख्यकहरूलाई रोजगारी र स्वरोजगारीमा विशेष अवसर प्रदान गरिनेछ ।
- यस्ता समूदायद्धारा सञ्चालित व्यापार व्यवसायको दर्ता र नविकरणमा ५० प्रतिशत छुट दिइनेछ ।
- यस्ता समुदायलाई विकासको मुलधारमा ल्याइनेछ ।

## ११) मधेशी, मुस्लिम र अन्य समुदाय सम्वन्धि नीति :-

- मुस्लिम समुदायद्धारा सञ्चालित मदरसाहरूको विकास र संरक्षण गरिनेछ ।
- मुस्लिम समुदायका छोराछोरीलाई उच्च शिक्षा पठनपाठनमा प्रोत्साहन गरिनेछ ।
- रोजगारी/स्वरोजगारीमा प्राथमिकता प्रदान गरिनेछ ।

## १२) दलित समुदाय सम्बन्धि नीति :-

- दलित विद्यार्थीले प्राविधिक शिक्षा अध्ययन गर्न चाहेमा प्रत्येक वडावाट २ जनाका दरले जनही रु. १० हजारका दरले छात्रवृती उपलब्ध गराईनेछ ।
- मुसहर,डोम,धनकार र हल्खोर जातीवाट सामुदायिक विद्यालयवाट एस.ई.ई.मा सबै भन्दा बढि अंक प्राप्त गर्ने क्रमश: २ जना छात्रा/२ जना छात्रलाई छात्रवृती/प्रोत्साहन स्वरुप रु. १५ हजार उपलब्ध गराईनेछ ।
- सवै प्रकारका जातिय भेदभाव र छुवाछुतको अन्त्यका लागि चेतना अभिवृद्धि र कानुन कार्यान्वयन द्धारा प्रभावकारी कदम चालिनेछ ।
- दलित समूदायको परम्परागत सिपलाई आधुनिक, व्यवहारिक र उपयोगी वनाउन पहल गरिनेछ ।
- दलित महिला द्धारा सञ्चालित जुनसुकै व्यापार व्यवसायको दर्ता/नविकरणमा १०० प्रतिशत छुट दिइनेछ ।
- दलित छात्राको उच्च शिक्षा अध्ययनमा प्रोत्साहन गरिनेछ ।
- रोजगारी/स्वरोजगारीमा प्राथामिकता प्रदान गरिनेछ ।

## १३) विविध नीति :-

- माथि उल्लेखित सवै विषयमा सामाजिक न्याय कायम गरी समतामुलक समाज निर्माण गर्ने साथै मानवअधिकार, मौलिक अधिकार र संघ तथा प्रदेश बाट उपलब्ध हुने सेवा सुविधा, सुरक्षा, सहुलियतहरू सिधै लक्षित समुदाय सँग पुग्ने गरी कार्य सञ्चालन गरिनेछ ।
- जुनसुकै प्रकारका उपभोक्ता समितिमा एक परिवार बाट एक व्यक्ति र स्थानीय लाभग्राहि व्यक्तिमात्र उपभोक्ता समितिमा रहने व्यवस्था गरिनेछ ।
- स्थानीय चाडपर्वलाई मध्यनजर गर्दै आवश्यकता अनुसार सार्वजनिक विदा दिइनेछ ।
- जुन सुकै प्रकारको सार्वजनिक सुविधा लिएका/नलिएका र सार्वजनिक पद धारण गरेका व्यक्ति उपभोक्ता समितिको कुनैपनि पदमा वस्न नपाउने व्यवस्था गरिएको छ ।

## ४) भौतिक पूर्वाधार सम्वन्धि नीति :-

### क) भौतिक पूर्वाधार

- व्यवस्थीत वहुउपयोगी र दिगो भौतिक पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- सार्वजनिक निजी साझेदारीमा पूर्वाधार विकासमा प्राथमिकता प्रदान गरिनेछ ।
- सवै वडा सवै, क्षेत्र सन्तुलित र दिगो विकास भन्ने मूल भावका साथ कार्य गरिनेछ
- कार्यपालिकाबाट निर्णय गरि गराई निश्चित रकम भन्दा वढिका आयोजना वोलपत्र द्वारा कार्यसम्पादन गरीनेछ ।
- अब निर्माण हुने सवै सार्वजनिक संरचना हरूलाई वालमैत्री, वातावरण मैत्री, जेष्ठनागरिक मैत्री, अपाङ्गमैत्री वनाइनेछ ।
- स्थानीय उद्योगबाट उत्पादन हुने सामग्रीहरूलाई विकास निर्माणमा प्रयोग गरिनेछ ।
- पालिका क्षेत्रका सवै सडकहरूको सडक क्षेत्राधिकार (Right of way) तोकिनेछ ।
- विभिन्न साझेदारहरू सँगको साझेदारीमा गरिव समुदायका लागि नमुना वस्ती निर्माण गरिनेछ ।
- जहाँ टोल त्यहाँ पोल अवधारण लाई सार्थक पार्दै सवै वडाका सवै टोलमा विद्युत विस्तार गरिनेछ ।
- सिचाईका लागि विद्युत सिचाई प्रणाली एवं साविकका नहर/ पैनीको संरक्षण गरिनेछ ।
- राष्ट्रिय भवन संहिता लागु गरिनेछ ।
- विभिन्न आयोजनाहरूको DPR तयार गरि सहकार्यका लागि संघ/प्रदेश सरकार सँग आयोजना प्रस्ताव गरिनेछ ।
- एकिकृत ग्रामिण विकास योजना तर्जुमाको कार्य प्रारम्भ गरिनेछ ।
- सामुदायिक विद्यालयको पूर्वाधार विकासमा जोड दिइनेछ ।
- सडकमा छाडा चौपाया छोड्ने तथा सडकमा असर पुग्ने गरि चौपाया बाँध्ने र सडक अतिक्रमण गर्नेलाई तोकिए बमोजिम जरिवाना गरिनेछ ।

### ख) साझेदारी/जनसहभागीता

- जनसहभागीमुलक कार्यमा प्रथामिकता प्रदान गरिनेछ ।
- जनसहभागिता कुल लागतको १०% हुनेछ ।

## १५) वन वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि नीति :-

**क) वन तथा वातावरण :-**

- एक घर एक रुख अभियानलाई विशेष अभियानको रुपमा संचालन गरिनेछ ।
- वातावरण व्यवस्थापन योजना अनुकुल हुने गरी योजना संचालन गरिनेछ ।
- वातावरण संरक्षणका क्रियाकलाप सञ्चालन गरिनेछ ।
- खालि/पर्ती जमिनमा वृक्षरोपण गरिनेछ ।
- जलवायु अनुकुल खेती प्रणालीको विकास गरिनेछ ।
- स्थानीय वजारमा प्रयोग हुने २० माइक्रोन भन्दा कमका प्लाष्टिक प्रयोगमा वन्देज गरिनेछ ।
- वातावरण मैत्री घर, टोल, विद्यालय, कार्यालय, वडा हुदै पालिका घोषणाका लागि काम अघि बढाइनेछ ।
- नयाँ वन्ने कालोपत्रे सडकको दुवै तर्फ सडक छेउ दायाँवायाँ वृक्षरोपण गरिनेछ ।

## १६) विपद व्यवस्थापन :-

- विपद व्यवस्थापनको लागि पुर्व तयारी तथा उद्धार कार्यमा विशेष जोड दिईनेछ । साथै उक्त कार्यमा  युवा क्लवहरुलाई जिम्मेवारी प्रदान गरी परिचालन गरिनेछ ।
- विपद जोखिम व्यवस्थापन योजना एवं कार्यविधि निर्माण गरिनेछ ।
- स्थानीय आपतकालिन सहयोग तथा उद्धार केन्द्रको सञ्चालन गरिनेछ ।
- विपद (मुलत: वाढि) पुर्व तयारीका लागि समुदाय सँग सहकार्य गरिनेछ, भने प्रतिकार्यका लागि समेत तयारी गरिनेछ ।
- विपदमा परेको नागरीकहरुको लागि विपद व्यवस्थापन कोष सञ्चालन गरीनेछ ।
- विकास लाई दिगो वनाउन विपदलाई मुलप्रवाहिकरण गरिनेछ ।

## १७) संस्थागत विकास , सेवा प्रवाह र सुशासन नीति :-

**क) संस्थागत विकास:–**

- प्रत्येक वडामा वडा कार्यालयको निमार्ण गरिनेछ ।
- सम्पुर्ण गतिविधिहरुको नियमित अभिलेखिकरण गरिने छ ।
- वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने ।
- गाउँ/वडा कार्यालयलाई सेवाग्राही मैत्री वनाइनेछ ।
- अभिलेख व्यवस्थापनलाई आधुनिक र भरपर्दो र प्रविधिमैत्री वनाइनेछ ।

**ख) सेवा प्रवाह :-**

- सेवा प्रवाहलाई प्रबिधि संग जोडिने छ।
- घुम्ती र नियमीत सेवा प्रवाह गरिनेछ ।
- सेवा सन्तुष्टि मापन गरी सुधारका संभावनाको खोजी गरिनेछ ।
- स्थानीय भाषा समेत Audio/ Video Service Charter लागु गरिनेछ ।
- Nodel Officer को प्रवन्ध गरिनेछ ।
- मिटिङ्ग, बैठकमा पत्रद्धारा आमन्त्रण गर्ने पद्धतिको अन्त्य गर्दै SMS / mailबाट सुचना प्रवाह गरिनेछ ।

- डिजिटल नोटिस बोर्डको व्यवस्था गरिनेछ।
- गाउँपालिका अन्तर्गत संचालन रहेको विद्यालय, स्वास्थ्य संस्था लगायत वडा कार्यालय समेतमा आधुनीक ई–हाजिरी प्रविधि मार्फत हाजिरी व्यवस्थापनको व्यवस्था मिलाईनेछ।
- प्रत्येक वडालाई वडा कार्यालय संचालन वापत मासिक रु. ५ हजार प्रदान गरिनेछ।
- वडा सचिवलाई वार्षिक रुपमा रेनकोट, व्याग उपलब्ध गराइनेछ।
-

१८) मानव संसाधन व्यवस्थापन :-

- समग्र पालिकाको मानव संसाधन योजना तयार गरिनेछ।
- स्थानिय तहको विकासलाई व्यवस्थित गर्न देश विदेशका उत्कृष्ट पालिकाहरूको भ्रमण गरि असल अभ्यासको अनुसरण गरिनेछ।
- विशिष्ट विज्ञ तथा विशेषज्ञहरूलाई आमन्त्रण गरि विकासका लागी नीतिगत तथा प्रक्रियागत विषयमा विचार विमर्श गरि राय परामर्शको आधारमा योजनाहरू संचालन गरिनेछ।
- कार्य सम्पादनका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ।
- करारमा काम गर्ने कर्मचारीलाई समेत पोशाक भत्ता र चाडपर्व भत्ता उपलब्ध गराइनेछ।
- प्रत्येक वर्ष उत्कृष्ट कर्मचारीलाई रु १५,०००।- सहित पुरस्कार प्रदान गरिनेछ, जसका लागि कार्यपालिकाले तोकेबमोजिमको कार्यविधि अनुरुप हुनेछ।
- सवैभन्दा राम्रो कार्य गर्ने ३ वटा उपभोक्ता समितिलाई सम्मान गरिनेछ।
- सवैभन्दा धेरै वार्षिक कर तिर्ने व्यक्ति/संघ संस्था (१/१) लाई सम्मान गरिनेछ।
- पालिका सँग विकासमा साझेदारी गर्ने साझेदारलाई समेत सम्मान गरिनेछ।
- गाउँपालिकाको कर्मचारीलाई वार्षिक रुपमा १२ दिन वरावरको पर्यटन काज उपलब्ध गराईनेछ। उल्लेखित काज प्रदेश भन्दा वाहिरका कार्यालयले तोकेका क्षेत्रका लागि लागु हुनेछ।
- प्रत्येक कर्मचारीको वार्षिक रुपमा रु. १० लाखको दुर्घटना विमा गरिनेछ।
- कार्यरत स्थायी कर्मचारीहरुको योगदानमा आधारीत पेन्सन योजनामा समावेश गर्ने र कार्यरत करार कर्मचारीहरुको सामाजिक सुरक्षाकोषमा कोषको नियामानुसार अनिवार्य रुपमा समावेश गराउने।

१९) सुशासन प्रर्वद्धन :-

- प्रत्येक आयोजना तथा कार्यक्रमको अनुगमन गर्नको लागि एकगाउँ स्तरीय अनुगमन समिति रहने छ।
- अनुगमन समितिको सिफारिसमा मात्र किस्ता वा अन्तिम भुक्तानी वा निकासा हुनेछ।
- ठेक्का बाट हुने आयोजनाको समेत अनुगमन गर्नुपर्नेछ।
- गाउँ कार्यपालिका तथा कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि ई–हाजिरी व्यवस्था गरी सि.सि.टि.भि.जडान गरी वडा, गाउँ र उचित सार्वजनिक स्थलहरुमा ई–हाजिरि र सि.सि.टि.भि. डिसप्ले वोर्ड जगान गरी नियमित सेवा प्रवाहको अनुगमन गरिनेछ। साथै ई– हाजिरि रेकर्ड अनुसार तलव निकासाको व्यवस्था गरिनेछ।

- कार्यक्रमहरू समेतको अनुगमन गर्नुपर्नेछ ।
- शिक्षा/स्वास्थ्य/सहकारी/कृषि/पशु/महिला विकास आदि सम्बन्धित कार्यक्रममा सदस्य सचिव शाखा प्रमुख रहने।
- प्रत्येक २ लाख भन्दा ठुलो आयोजनाको लागि होडिङ्गबोर्ड अनिवार्य हुनेछ ।
- साधारणतया रु.१० लाख भन्दा ठूला आयोजनाहरूको आवश्यक गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य हुनेछ । साथै १० लाख भन्दा माथिका सबै योजनाहरू ठेक्का प्रक्रियाद्धारा व्यवस्थापन गरिनेछ ।
- प्रत्येक उपभोक्ता समिति बाट सञ्चालित आयोजनाको आय व्यय सार्वजनिक, सार्वजनिक परिक्षण मुचुल्का, सार्वजनिक परिक्षण प्रतिवेदन, समिति स्तरीय अनुगमन समितिको निर्णय अनिवार्य राखि भुक्तानिका लागि पेश गर्ने व्यवस्था गर्ने ।
- प्रत्येक आ.व.मा अघिल्लो आ.व.को सामाजिक परिक्षण अनिवार्य सार्वजनिक गर्ने व्यवस्था गर्ने
- पालिकाको आय व्यय प्रत्येक महिना website मार्फत सार्वजनिक गर्ने व्यवस्था गर्ने ।
- माथि उल्लेखित नभएका विषयहरूमा गत वर्ष आ.व. २०७९/८०को नीति नै कार्यान्वयन हुनेछ ।

२०) विविध :–

- कृषकहरुको लागि समयमै मल खाद्यको व्यवस्था गरिनेछ ।
- सार्वजनिक ऐलानी जग्गाहरुको संरक्षण गरिनेछ ।
- गा.पा.भित्र सुरक्षाको प्रतिभुति दिलाउन साथै शान्ति सुरक्षा कायम गर्न गा.पा.बाट यस आ.व.मा नगरप्रहरीको भर्ना गरिनेछ ।
- सम्पुर्ण पोखरीहरुलाई सरसफाईको अभियानको रुपमा सरसफाइ गरिनेछ ।
- संघिय तथा प्रदेश सरकारहरुको सहकार्यमा कृषकहरुलाई ट्याकटर अनुदानमा उपलब्ध गराइनेछ ।
- मसालाको रुखलाई सम्बन्धीत निकायको सहकार्यमा व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरवन्दी मिलान गरि थप प्रभावकारी बनाइनेछ ।
- सामुदायिक विद्यालयहरुको कक्षा कोठाहरु पुर्ण रुपमा व्यवस्थापन गरिनेछ ।
- खानेपानीको अभावलाई पुर्ण रुपमा सहज गरिनेछ ।
- कृषि मिटरमा लाग्ने दस्तुरमा १०० प्रतिसत रकम गाउँपालिकाबाट व्यहोर्ने छ ।
- मंगलनाथको माहाशिबरात्री मेला र गेउरकी मेलाहरु व्यवस्थापन गर्ने छ ।
- बजार क्षेत्रलाई व्यवस्थापन गरिनेछ ।
- बाटो अवरोध गरेका टहरा, झुप्रो लगायतहरुको व्यवस्थापन गरिनेछ ।
- अस्पताललाई थप व्यवस्थीत गरिनेछ ।
- शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिब नागरिकलाई सहज पहुँच बनाउन सेवालाई थप प्रभावकारी बनाउने छ ।

- पशुमा लागेको रोगलाइ निराकरण गर्ने सम्बन्धमा विशेष पहल गर्ने र छिटो भन्दा छिटो प्रभावकारी बनाउने ।
- धान र गँहुको बिउ समयमै उपलब्ध गराइनेछ ।
- कृषि क्षेत्रको वर्गिकरण गरी सेवा र प्रोत्साहनमा जोड दिइनेछ ।
- वातावरणलाई थप प्रभावकारी बनाउन ठाँउ अनुसारको रुखको व्यवस्थापन गर्ने ।
- लागु औषत सेवन विरुद्धको जनचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- शिक्षा प्रतियोगिता र खेलकुदमा जोड दिइनेछ ।
- नक्साको आधारमा जग्गालाई वर्गिकरण गरिनेछ ।
- प्राङ्गारीक मल बनाउने तालिम किसानहरुलाई दिइनेछ ।

आदरणिय सभा सदस्य ज्यूहरू

अव म यस सम्मानित सभा समक्ष आर्थिक वर्ष २०८०/८१ को संसोधित यर्थाथ आय व्ययको हालसम्मको अवस्था र आगामी आ.व. २०८०/८१को आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीयसदस्य ज्यूहरु
अव म आर्थिक विधेयक २०८०/०८१ पेश गर्दछु। विस्तृत विवरण यसै विधेयकको अंगको रुपमा पेश गरेको छु।

आम्दानी तर्फको सारांश

## आ.व. २०८०/०८१ आय संक्षेप

| सि.न. | श्रोत विवरण | अनुमानित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आन्तरीक श्रोत | २० लाख | अनुमान |
| २ | संघिय सरकार वित्तीय स.अनुदान | ११ करोड २० लाख | पत्रानुसार |
| ३ | संघिय सरकार राजश्व वांडफांड रकम | १० करोड ५ लाख ४३ हजार | पत्रानुसार |
| ४ | संघिय सरकार सशर्त अनुदान | १५ करोड ५५ लाख | पत्रानुसार |
| ५ | संघिय सरकार विषेश अनुदान | ७० लाख | पत्रानुसार |
| ६ | संघिय सरकार समपुरक अनुदान | ७५ लाख | पत्रानुसार |
| ७ | प्रदेश सरकार वित्तीय स.अनुदान | ८२ लाख ५३ हजार | पत्रानुसार |
| ८ | प्रदेश सरकार राजश्व वांडफांड रकम | ४० लाख | गत वर्षको आधारमा |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | १ करोड | गत वर्षको आधारमा |
| १० | प्रदेश सरकार समपुरक अनुदान | २० लाख | पत्रानुसार |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ३० लाख | पत्रानुसार |
| १२ | सडक वोर्ड | ३० लाख | अनुमान |
| १३ | मालपोत रजिष्ट्रेशन | १० लाख | अनुमान |
| १४ | आ.व. २०७९/८० को बाँकी रकम | ३ करोड ५० लाख | अनुमान |
| | कुल जम्मा अनुमान | ४५ करोड ७९ लाख ६ हजार | |

आदरणिय
सभा सदस्य ज्यूहरू

अन्त्यमा यो नीति तथा कार्यक्रम र बजेट (विनियोजन विधेयक र आर्थिक विधयक लगायत) निर्माण गर्नको लागि प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग गर्नुहुने निर्वाचित जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी, विभिन्न समितिका संयोजक तथा सदस्यहरू, कर्मचारी तथा सोनमा गाउँपालिका बासी सम्पूर्ण आदरणिय महानुभावहरू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु।

धन्यवाद

मिति : २०८०/०३/१६ गते